प्रमाणिकरण भएको छ महिनासम्ममा फैसलाको नक्कल लिएको मितिले ३० दिनभित्र पुनरावेदन गर्न सकिनेछ।

**१४. एक घण्टाभित्र उपलब्ध गराइने सेवाहरु**
- नक्कल दिने,
- गुज्रेको तारिख थाम्ने थमाउने,
- लिखित जवाफ वा अन्य प्रमाण कागजात पेश गर्ने,
- पेशी तारेख लगायत मुद्दाको कारवाही सम्बन्धि जानकारी सुचना लिनेदिने।
- पेशी तारेख तोक्ने,
- वारेसनामा सकारनामा सम्बन्धि कार्य गर्ने,
- जुनसुकै फुटकर निवेदन दर्ता वा दरपिठ गर्ने,

**१५. अदालती शुल्क**

क) "अदालती शुल्क" भन्नाले फिरादपत्र वा पुनरावेदन दिँदा वा मुद्दा पुनरावलोकन वा दोहोर्याउन दिँदा लिइने शुल्क सम्झनु पर्छ र सो शब्दले प्रतिदावी लिनेले प्रतिदाबी लिए बापत बुझाउने शुल्क समेतलाई जनाउँछ।

ख) अदालती शुल्क दाखिला नगरी मुद्दाको कारबाही हुन नसक्ने,

ग) आर्थिक अवस्था कमजोर भएका कारण अदालती शुल्क पूर्ण वा आंशिक रुपमा तिर्न असमर्थ भएको वा मुद्दा परेको सम्पत्ति बाहेक अन्य सम्पत्ति नभई अदालती शुल्क दाखिला गर्न असमर्थ छ भनी स्थानिय तहबाट सिफारिस भई आएमा वा अदालतले विश्वास गर्ने मनासिव आधार भएमा अदालती शुल्क पछी तिर्ने गरी मुद्दा दर्ता गरिने वा हेरिनेछ अन्यथा मुद्दाको कुनै कारवाही र किनारा हुने छैन्।

घ) अदालतमा फिराद दिंदा सम्पत्तिको मूल्य वा बिगो खुलाउन पर्ने र निम्न दरमा शुल्क लाग्ने छ।
- पहिलो २५,०००।- हजार रुपियासम्मका लागि रु. ५००।-,
- ५०,०००।- रुपैया भएमा दोस्रो २५,०००।- का लागि ५% का दरले,
- १,००,०००।- सम्म भए तेस्रो ५०,०००।- रुपैयासम्मको लागि ३.५% का दरले,
- ५,००,०००।- सम्म भए चौथो ४,००,०००।- रुपैयासम्मका लागि २% का दरले,
- २५,००,०००।- सम्म भए पाँचौं २०,००,०००।- रुपैयासम्मका लागि १.५% का दरले,
- २५,००,०००।- भन्दा माथि जतिसुकै भएपनि बढी अंक जतिको लागि १% का दरले।

ङ) निम्न मुद्दाहरुमा रु. ५००।- अदालती दस्तुर लाग्नेछः
- जग्गा दर्ता, नामसारी वा दर्ता वा नामसारी बदर, रसिद वा भरपाईको दावी, लिखत, भाखापत्र,, जमानीपत्र आदी फछ्याको माग दावी, घर वा जग्गामा बसेकालाई उठाई वा उठाउन नपर्ने दावी, बाँध, पैनी, कुलो सम्बन्धि मुद्दा, सम्बन्ध विच्छेद, नाता कायम, आदी

च) निम्न मुद्दामा रु. १,०००।- दस्तुर लाग्छः
- अंश लाग्ने सम्पत्तिमा अंशको भाग एकिन गरी वा दिलाई दिने माग दावी, लिखत वा कागज बदर मुद्दा।
- उजुरी, फिरादपत्र वा प्रतिउत्तरपत्र पेश गर्दा रु. २००।-,
- पुनरावेदनपत्र दस्तुर रु ३००।-
- साधारण निवेदन दस्तुर रु. १०।-
- अधिकृत वारिसनामा प्रमाणित गर्दा रु. ५००।-,
- नक्कल निवेदन दस्तुर रु. १०।-

**नक्कल दस्तुरः**
- आफ्नै तर्फबाट सारी लादा प्रतिपाना रु. ५।-
- अदालतका तर्फबाट सारी लादा रु. १०।-
- वकालतनामा दस्तुर रु. १०।-

**१६. फैसला कार्यान्वयन**
- अदालतले फैसला तयार भएको तीन दिनभित्र लगत तयार गरी कार्यान्वयनका लागि तहसिल शाखामा पठाउने,
- पुनरावेदन लाग्न सक्ने मुद्दामा पुनरावेदन म्याद भुक्तान नभएसम्म, पुनरावेदन परेको भए अन्तिम किनारा नभएसम्म, मुद्दा दोहर्याउने आदेश भएकोमा किनारा नभएसम्म र पुनरावलोकनको आदेश भएकोमा अन्तिम किनारा नभएसम्म फैसला कार्यान्वयन स्थगित हुने,
- फैसला कार्यान्वयनको मुद्दामा पनि वारिस राख्न सकिने र मेलमिलापका लागि निवेदन दिन सकिने,
- फैसला कार्यान्वयनका क्रममा पनि मुद्दा सकार गर्न र गुज्रेको तारिख थमाउन सकिने।
- फैसला कार्यान्वयन गर्दा देहाएको दस्तुर लाग्नेस
- चलन चलाउने सम्पत्तिको बिगो खुलेको भए बिगोको तीन प्रतिशत र बिगो नखुलेको भए एक हजार रुपैया,
- म्याद नघाई दाखिल, खारेज, नामसारी गर्न आएमा प्रत्येक वर्षका लागि पाँच सय रुपैया,
- निखनाई दिंदा एक वर्षभित्र भए धरौटी रकमको तीन प्रतिशत र तीन वर्ष भित्र भए पाँच प्रतिशत थप रकम कट्टा गर्ने,
- अंश बण्डा छुट्याउन पर्ने मुद्दामा अढाई प्रतिशत दस्तुर ,
- बिगो भराउने मुद्दामा बिगोको तीन प्रतिशत दस्तुर,
- फैसला बमोजिम अदालतले कुनै रकम दिलाई दिए बापत सो रकम पाउने व्यक्तिबाट सयकडा पाँचका दरले दस्तुर लिन पर्ने।

**१७. बिगो वा जरिवाना सम्बन्धि व्यवस्था**
- सम्पत्ति लिलाम बिक्रि गर्दा समेत बिगो प्रयाप्त नभएमा, सम्पत्ति नदेखाएमा वा लिलाम गर्न नसकिने भएमा भराउन बाँकी बिगोमा सम्पत्ति लिलाम बिक्री भएको वा माथीको अवस्था परेकोमा १५ दिनभित्र कैद राखी पाँउ भनी निवेदन दिएमा पर्चा खडा गरी कैदमा पठाउन पर्ने,
- कैद गर्दा अदालतले एक दिनको ४००।- रुपैयाका दरले बिगोलाई कैदमा परिणत गरी कैद गर्नु पर्ने,
- कैद गर्दा नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व वा नियन्त्रण भएको सार्वजनिक संस्थाको बिगोको हकमा ४ वर्ष र व्यक्ति विशेष वा अन्य संस्थाको बिगोको हकमा २ वर्षभन्दा बढी कैद गर्न नसकिने,
- कैद गर्दा कानून बमोजिम लाग्ने सिधा खर्च कैद गराउन चाहने व्यक्तिले व्होर्न पर्ने,
- जरिवाना नतिरे वापत कैद गर्न पर्दा ४ वर्षमा नबढ्ने गरी एक दिनको दुई सय रुपैयाका दरले कैद गर्नु पर्ने,
- बिगो असुल गर्नु पर्ने व्यक्तिको असुल नहुदै मृत्यु भएमा निजको हकको सम्पत्तिबाट असुल गरिने, निजको हकको सम्पत्तिबाट असुल नभएमा अपुताली लिने व्यक्तिबाट असुल गरिने,
- फैसला बमोजिम जरिवाना लागेको व्यक्तिले तत्काल वा फैसला भएको मितिले साठी दिनभित्र जरिवाना तिरेमा निजलाई भएको जरिवानामा बीस प्रतिशत छुट हुने।

**१८. यस अदालतको अदालती प्रकृया र मुद्दा मामिलाको कारवाही बारेमा कहाँ बुझ्ने**

तपाई अदालतका प्रयोगकर्ता वा आगन्तुकहरुलाई अदालतको बारेमा जानकारी नहुन सक्छ। यहाँहरुलाई अदालत प्रवेशदेखी नै अदालत, अदालतका गतिविधीका बारेमा जानकारी होस भनी सुचना तथा सोधपुछ कक्ष अर्थात हेल्पडेस्कको स्थापना गरिएको छ।

यस अदालतका काम कारवाही तथा प्रकृयाका बारेमा सम्बन्धित फाँट, गुनासो सुन्ने अधिकारी वा अदालतका श्रेस्तेदार वा माननीय न्यायाधीशज्यू समक्ष उजुर गर्न सक्नु हुनेछ।

**१९. इजलासमा पालना गर्नुपर्ने नियमहरु**
- इजलासभित्र हातहतियार, छाता, झोला, हेलमेट जस्ता सामान लैजान पाईने छैन,
- इजलासभित्र रेडियो सुन्न र पुस्तक वा पत्रपत्रिका पढ्न पाइने छैन,
- इजलासभित्र मोवाईलको स्वीच अफ गर्नु पर्दछ,
- इजलासभित्र अनावश्यक कुराकानी र होहल्ला नगरी अनुशासित रुपमा बस्नु पर्दछ,
- बन्द इजलास लागेको बेलामा अनुमति विना इजलासमा प्रवेश गर्न पाईने छैन,
- इजलासमा खानेकुरा लान र खान पाईने छैन,
- इजलासभित्र श्रव्यदृष्य खिच्न र रेकर्ड गर्न पाइदैन,
- इजलासभित्र मर्यादित तवरले बस्नुपर्ने छ।

**२०. यस अदालतमा उपलब्ध सेवाहरु**

क. स्वच्छ पिउने पानी
ख. सेवाग्राही विश्रामस्थल
ग. गुनासो तथा उजुरी पेटिका
घ. सूचनापाटी
ङ. गुनासो सुन्ने व्यवस्था
च. सहायता कक्ष
छ. सेवाग्राहीको सुरक्षा
ज. फोटोकपी
झ. शौचालय
ञ. सवारी पार्किङ्ग
ट. चमेनागृह
ठ. नागरिक वडापत्र
ड. साप्ताहिक र दैनिक पेशी सूची
ढ. फ्री वाईफाई
ण. मुद्दा गर्दा लाग्ने दस्तुरको स्पष्ट नागरिक वडापत्र
त. अदालत र इजलासमा पालना गर्नुपर्ने नियमहरुको जानकारी,
थ. असाय पक्षहरुको लागि निशुल्क कानूनी सहायता।

**२१. कार्य संचालन कक्षहरु**

१) भुईतलामाः सोधपुछ तथा सहायता कक्ष, श्रेस्तेदार कक्ष, सुपरीटेण्ड कक्ष, मुद्दा दायरी शाखा, मुद्दा शाखा, दर्ता चलानी शाखा, प्रशासन शाखा लगायत,

२) पहिलो तलामाः न्यायाधीश चेम्बर, इजलास, इजलास अधिकृत कक्ष, लेखा शाखा, अभिलेख शाखा, पुस्तकालय लगायत,

३) दोश्रो तलामाः मेलमिलाप कक्ष, बालमैत्री कक्ष, बैठक हल, स्टोर लगायत।

**२२. अदालतले सेवाग्राहीसंग राखेका अपेक्षाहरु**
- अदालत परिसर भित्र अनावश्यक रुपमा भेलाभै होहल्ला गर्ने, कर्मचारीसँग कानेखुशी गर्ने, गालीगलौज गर्ने, नारा लगाउने, अनावश्यक भिडभाड गर्ने जस्ता अशोभनीय कृयाकलाप गर्नु हुने छैन,
- अदालत परिसरमा धुम्रपान तथा मादकपदार्थ सेवन गरी प्रवेश गर्नु हुने छैन,
- अदालत परिसरमा मोवाईलमा गीत सुन्ने वा भिडियो हेर्ने कार्य गर्नु हुने छैन,
- कामको सिलसिलामा अदालतमा कुनै रकम बुझाएकोमा सो को रसिद अवश्य लिनु हुनेछ,
- छिटो छरितो न्याय सम्पादन गर्नका लागि सहयोग पुऱ्याउनु हुनेछ,
- म्याद तामेली, सर्जीमन लगायतका कार्यमा खटिएका कमर्चारीहरुलाई सहयोग गर्नु हुनेछ,
- अदालत परिसर सफा राख्न सहयोगी हुनुहुनेछ,
- अदालत प्रवेशमा बिना हातहतियार प्रवेश गर्ने र सुरक्षाजाँचमा सहयोग पुऱ्याउनु हुनेछ,
- अदालत प्रवेशमा आफ्नो परिचय खुल्ने कागजात लिई आउनु हुनेछ,
- अदालतको फैसला वा आदेशको सम्मान र पालना गर्नुहुनेछ,
- सही र सत्य कुराको आधारमा उजुर र मुद्दा गर्नु हुनेछ,
- आफ्ना गुनासोहरु शिष्ट रुपमा प्रस्तुत गर्नु हुनेछ।

**रणनीतिक अपेक्षा**
- अदालत भित्र वेञ्च, वार, कर्मचारी र सेवाग्राहीहरुका विच सभ्य र सुमधुर सम्वन्ध स्थापित हुनेछ,
- न्यायसम्पादनको कार्यलाई छिटो, छरितो तुल्याउन मद्धत पुग्नेछ,
- न्यायिक प्रक्रियालाई अनुमानयोग्य वनाउन मद्धत पुग्नेछ,
- न्याय प्रणालीलाई जनताको पहुंचयोग्य वनाउन मद्धत पुग्नेछ,
- न्यायपालिकाप्रति जनताको आस्था र विश्वास अभिवृद्ध गर्न मद्धत मिल्नेछ।

धन्यवाद।

"छिटो छरितो न्याय, सबैका लागि न्याय"
हाम्रो प्रतिवद्धता

# रुकुमकोट जिल्ला अदालत
## रुकुमकोट, रुकुम (पूर्वी भाग)




# जानकारी-पत्र

**सम्पर्क**
**फोन**: ०८८ ४१३०८२, ०८८ ४१३०९२
**फ्याक्स**: ०८८ ४१३०८२
**ईमेल**: info.dcpurbirukum@supremecourt.gov.np

१) **पृष्ठभूमि**

नेपालको प्रशासनिक पुर्नसंरचना अनुसार नयाँ जिल्लाको रुपमा स्थापित रुकुम (पूर्वी भाग) जिल्लाको पूर्वमा बाग्लुङ र म्यादी जिल्ला, पश्चिममा रुकुम, उत्तर डोल्पा जिल्ला र दक्षिणमा रोल्पा जिल्लासंग सिमाना जोडिएको छ। यस जिल्लामा पुथा उत्तरगंगा, भूमे र सिस्ने गरी तीनवटा गाँउपालिका रहेका छन्। साविकको रुकुम जिल्लामा मध्यकालीन बाईसे, चौबिसे राज्यहरू मध्ये रूकुमकोट, मुसिकोट, बाँफिकोट, आठबीस्कोट र जहारीकोट गरी ५ राज्यहरू रहेका र वि. सं. २०३० सालसम्म जिल्लाको सदरमुकाम रूकुमकोटमा रहेको र साविक रुकुम जिल्ला बिभाजन गरी बनेको रुकुम (पूर्वी भाग) जिल्लाको सदरमुकाम पनि हाल रुकुमकोट मै रहेको छ। प्रत्येक जिल्लामा एउटा जिल्ला अदालत रहने संवैधानिक व्यवस्था अनुसार यस जिल्लामा स्थापित भएको जिल्ला अदालतको नाम पनि रुकुमकोट जिल्ला अदालत रहेको र २०७४ साल पौष २८ गते नेपालका तत्कालिन सम्माननिय प्रधान न्यायाधीशज्यूबाट समुद्धाटन भएको यो अदालत हाल सिस्ने गाउँपालिका वडा नं. ५ कमलदह नजिक टाकुरा बजारमा रहेको छ।

२) **देवानी कानूनका सामान्य सिद्धान्त**

- कानूनको अज्ञानता क्षम्य नहुने,
- कानून विपरीतको काम अमान्य हुने
- अरूलाई दुःख दिने गरी काम गर्न नहुने,
- असल छिमेकीपन कायम गर्नु पर्ने,
- हित विपरीतको काम अमान्य हुने, प्रत्येक व्यक्तिले अन्य व्यक्तिको व्यक्तित्वलाई स्वीकार गर्नु पर्ने,
- कानून विपरीतका प्रथा वा परम्परालाई मान्यता नदिइने।
- सार्वजनिक हित विपरीत हुने गरी काम गर्न नपाउने,
- गल्ती गर्नेले क्षति व्यहोर्नु पर्ने
- गल्तीको फाइदा लिन नपाउने,
- देवानी दायित्वबाट छुटकारा नपाउने,

३) **फौजदारी न्यायका सामान्य सिद्धान्तहरु**

- कानून बमोजिमको काम कसूर नहुने,
- तथ्यको भ्रममा परी गरेको काम कसूर नहुने,
- स्वच्छ सुनुवाईबाट वञ्चित नहुने,
- कसूर प्रमाणित नभएसम्म कसूरदार नमानिने,
- डर त्रासमा परी गरेको काम कसूर नहुने,
- कानून बमोजिम बाहेक सजाय नहुने,
- एउटै कसूरमा दोहोरो सजाय नहुने,
- आफ्नो बिरुद्ध साक्षी हुन कर नलाग्ने,
- मञ्जुरी लिई गरेको काम कसूर नहुने,
- मञ्जुरी लिई गरेको काम कसूर नहुने,
- असल नियतले दिएको जानकारीबाट क्षति पुगेमा कसूर नहुने,
- १० वर्ष उमेर नपुगेको बालबालिकाले गरेको कुनै काम कसूर मानिने छैन,
- होस ठेगानमा नरहेको व्यक्तिले गरेको काम कसूर नमानिने,
- अन्य हानि, नोक्सानीबाट बचाउन असल नियतले गरेको काम कसूर नहुने,
- निजी रक्षाको लागि गरेको काम कसूर नमानिने, तर निजी रक्षाको अधिकार प्रयोग गर्दा कसैलाई कसैको ज्यान लिने अधिकार हुनेछैन,
- मामुली हानि, नोक्सानी भएकोमा कसूर नहुने,
- बालबालिकाबाट गराएको कसूरमा उमेर पुगेकोलाई सजाय हुने,
- निरपेक्ष दायित्व (स्ट्रीक्ट लायबिलिटि) हुने कसूरमा आपराधिक मनसाय परीक्षण नहुने,
- सङ्गठित संस्थाबाट भएको कसूरमा काम गर्ने गराउनेको आपराधिक दायित्व हुने,
- समूहबाट भएको कसूरमा सबै सदस्यलाई सजाय हुने,
- अपराध पीडितलाई मुद्दाको कारबाहीको जानकारी र क्षतिपूर्ति पाउने हक हुने।

४) **जिल्ला अदालतको अधिकार क्षेत्र**

क) **संवैधानिक व्यवस्था:**

नेपालको संविधानको धारा १५१( १) ले जिल्ला अदालतलाई संघीय कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक आफ्नो अधिकारक्षेत्र भित्रका सम्पूर्ण मुद्दाको:

- शुरु कारवाही र किनारा गर्ने,
- बन्दी प्रत्यक्षीकरण, निषेधाज्ञा लगायत कानून बमोजिमका निवेदन हेर्ने,
- अर्धन्यायिक निकायले गरेको निर्णय उपर पुनरावेदन सुन्ने,
- प्रदेश कानून बमोजिम गठित स्थानीय स्तरका न्यायिक निकायले गरेको निर्णय उपर पुनरावेदन सुन्ने,
- कानून बमोजिम अवहेलनामा कारवाही चलाई सजाय गर्न सक्ने।

ख) **कानूनी व्यवस्था:**

अ) **मुलुकी देवानी कार्यविधि संहिता, २०७४ अनुसार:**

- कुनै पनि अचल सम्पत्ति सम्बन्धी विषय,
- अचल सम्पत्ति रोक्का राख्ने वा निखन्ने,
- लेनदेन व्यवहार सम्बन्धी विषय
- अचल सम्पत्ति बाडफाँड सम्बन्धी,
- सुविधाभार, कुलो, साँध, घर, जग्गा वा सम्पत्ति जाँच्नु पर्ने विषय,
- बहाल, बाली वा बिगोको प्रश्न समावेश भएको वा सम्पत्तिको स्वामित्व, भोग चलन वा हक बेहक सम्बन्धि मुद्दा,
- अचल सम्पत्ति धितो, बन्धकमा राख्ने, भोग्ने, चलन चलाउने विषय,
- अचल सम्पत्तिको सरोकार वा शर्त सम्पत्तिको विषय र क्षतिपूर्ती सम्बन्धी विषय
- एउटै विषयको कुनै मुद्दा अदालत र अन्य न्यायिक निकाय दुवैमा दायर भएकोमा त्यस्तो मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्ने अधिकार नियमित अदालतलाई हुने,
- कुनै मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्न कानून बमोजिम कुनै अदालत वा अधिकारीलाई अधिकारक्षेत्र नतोकिएकोमा त्यस्तो मुद्दामा कारबाही, सुनुवाई र किनारा गर्ने अधिकार सम्बन्धित जिल्ला अदालतलाई हुनेछ।

आ) **मुलुकी देवानी संहिता, २०७४ अनुसार:**

- कुनै पुरुष र महिलाले दर्ताद्वारा विवाह गर्न चाहेमा आफ्नो नाम, थर, उमेर, ठेगाना, पेशा, बाबु, आमा, बाजे, बज्यैको नाम, अघि विवाह भए वा नभएको र विवाह भएको भए वैवाहिक सम्बन्ध अन्त्य भएको व्यहोरा तथा कम्तीमा दुई जना साक्षीको नाम समेत खुलाई सम्बन्धित जिल्ला अदालत समक्ष निवेदन दिनु पर्नेछ,
- असक्षम वा अर्धसक्षम व्यक्तिको हक, हित वा संरक्षण गर्न अदालतले कुनै खास व्यक्तिलाई त्यसको कारण खुलाई संरक्षक नियुक्त गर्न सक्नेछ,
- कुनै व्यक्तिको संरक्षक नभएमा वा कुनै व्यक्तिले पनि निजको माथवरको रूपमा काम नगरेमा स्थानीय तहको सम्बन्धित वडा समितिले त्यसको विवरण खुलाई माथवर नियुक्त गर्न अदालत समक्ष निवेदन दिन सक्नेछ,
- कसैले कुनै बालबालिकालाई धर्मपुत्र वा धर्मपुत्री राख्न चाहेमा कानूनको रीत पुर्याई धर्मपुत्र वा धर्मपुत्रीको लिखत सहित सम्बन्धित अदालतमा निवेदन दिनु पर्ने र सम्बन्धित अदालतले धर्मपुत्र वा धर्मपुत्री राख्ने आदेश दिई त्यस्तो लिखत प्रमाणीकरण गर्नु पर्नेछ,

इ) **मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ अनुसार:**

- कुनै कसूर सम्बन्धी मुद्दाको कारबाही र किनारा गर्ने अधिकार त्यस्तो कसूर भएको क्षेत्रको अदालतलाई हुने,
- यस ऐन बमोजिम दायर गर्नु पर्ने देहायको मुद्दा देहायको अधिकारी वा ब्यक्तिले सम्बन्धित अदालतमा दायर गर्न सक्नेछः

(क) अनुसूची-१ र अनुसूची-२ अन्तर्गतका कसूर सम्बन्धी मुद्दा अभियोगपत्रका रुपमा सम्बन्धित सरकारी वकिलले,

(ख) अनुसूची-३ अन्तर्गतका कसूर सम्बन्धी मुद्दा उजुरी वा प्रतिवेदनको रुपमा नेपाल सरकार, संवैधानिक निकाय, अदालत वा कुनै सार्वजनिक अधिकारीले,

(ग) अनुसूची-४ अन्तर्गतका कसूर सम्बन्धी मुद्दा फिरादपत्रका रुपमा त्यस्तो मुद्दा दायर गर्न सक्ने हकदैया भएको वा सरोकारवाला ब्यक्तिले,

- कुनै कसूर सम्बन्धी मुद्दा एकभन्दा बढी अदालतको अधिकार क्षेत्रभित्र पर्ने भई एकभन्दा बढी अदालतमा मुद्दा दायर भएको रहेछ भने जुन अदालतमा पहिले मुद्दा दायर भएको हो सोही अदालतले,
- कुनै एक कसूर सम्बन्धी मुद्दा अदालत र अर्ध न्यायिक निकायको अधिकार क्षेत्रभित्र पर्ने भई अदालत र अर्धन्यायिक निकायमा मुद्दा दायर भएको रहेछ भने त्यस्तो मुद्दाको कारबाही र किनारा अदालतबाट गर्नु पर्ने,

५. **अदालतमा मुद्दा वा निवेदन दर्ता गर्दा अपनाउनु पर्ने प्रकृया**

- विषय स्पष्ट रुपमा खुलाई अशुद्द र केरमेट नहुने गरी छापी, टाइप गरी वा हातले तयार गरिएको हुनपर्ने,
- लिखतमा सम्बन्धित कारणीको सहीछाप हुनुपर्ने,
- लिखत केरिएको वा सच्चाएकोमा प्रत्येक ठाँउमा सम्बन्धित कारणीले सहीछाप गर्नुपर्ने,
- लिखतमा सहिछाप गर्दा वा गराउँदा लेख्न जान्नेले आफ्नो नाम, थर र वतन लेखि हस्ताक्षर गर्नु पर्नेछ र लेख्न नजान्नेले ल्याप्चे सहीछाप गर्नु पर्ने,
- फुलस्केप साइजको नेपाली सादा कागजमा एकातर्फ मात्र कालो मसीले टाइप गरिएको हुनुपर्ने,
- लिखत दर्ता गराउन ल्याउने ब्यक्ति र विपक्षी बनाइएको ब्यक्तिको बाबु, आमा, बाजे, बज्यै र आफ्नो सहित तीन पुस्ते विवरण, पति वा पत्नीको स्पष्ट नाम, थर, ठेगाना, नागरिकता नम्बर, अस्थायी बसोवास गरेकोमा त्यस्तो ठेगाना तथा संभव भएमा इमेल ठेगाना र टेलिफोन र मोबाइल नम्बर खुलाउनु पर्ने,
- संगठित संस्थाको तर्फबाट लिखत गर्दा वा पेश गर्दा संस्थाको स्पष्ट पहिचान खुल्ने विवरण, दर्ता नम्बर तथा रजिष्टर्ड वा प्रधान कार्यालय रहने ठाँउ खुलाउन पर्ने,
- पहिलो पटक लिखत दर्ता गर्न ल्याउने व्यक्ति वा अड्डामा कागज गर्न आउने ब्यक्तिले फोटो तथा आफ्नो परिचय खुल्ने नागरिकता वा अन्य कुनै प्रमाण पेश गर्नुपर्ने ।
- मुद्दा वा निवेदनसाथ पेश गर्ने प्रमाण कागजहरुको सक्कल र नक्कल साथै पेश गर्नु पर्ने,
- अदालतमा दायर गर्न ल्याइएको मुद्धाको इलेक्ट्रोनिक कपी साथै पेश गर्नु पर्दछ।

६) **अदालतमा मुद्दा दायर गर्ने हदम्याद**

- कानूनमा हदम्यादको व्यवस्था भएकोमा सम्बन्धित व्यक्तिले तोकिएको हदम्यादभित्र फिराद दायर गर्नु पर्ने,
- कानुनमा कुनै हदम्याद उल्लेख नगरेको भए फिराद गर्नु परेको कारण परेको मितिले ६ महिनाभित्र फिराद गर्न सकिने,
- धोका, किर्ते, जालसाजी वा षडयन्त्र वा अन्य त्यस्तै कुनै कारण परि वा गोप्य रुपमा काम भई थाहा पाउन सक्ने स्थिति नभई हदम्याद गुज्रेमा थाहा पाएको मितिले ९० दिनभित्र फिराद गर्न सकिने,
- हदम्याद पुगे अन्तिम दिन सार्वजनिक विदा परेमा अड्डा खुलेको पहिलो दिन फिराद दर्ता गर्न सकिने,
- नावालक बालिग भएको दिनदेखी हदम्याद प्रारम्भ हुने,
- हदम्याद प्रारम्भ हुन अगाडी नै होस ठेगानमा नरहेको व्यक्तिको हकमा होस ठेगानमा आएको दिनदेखी हदम्याद प्रारम्भ हुने,
- हदम्याद प्रारम्भ भएपछि होस ठेगानमा नरहेमा होस ठेगानमा नरहेको बाँकी अवधिभित्र फिराद गर्न सकिने,
- नावालक वा होस ठेगानमा नरहेको व्यक्ति बालिग वा होस ठेगान नहुदै मृत्यु भएमा मृत्यु भएको मितिले हदम्यादभित्र हकवालाले फिराद गर्न पाउने,
- फिराद गर्नु परेको मानिसको कोही मरी किरिया वा शोकावरण गरी बस्न परेमा मृत्यु भएको १५ दिन पुगेको मितिले बाटाको म्याद बाहेक ७ दिनभित्र,
- सुत्केरी भएको भए सुत्केरी भएको मितिले बाटाको म्याद बाहेक ६० दिनभित्र,
- खोलो, पहिरो वा हिउले बाटो बन्द भई वा कर्फ्यु घोषणा भएको वा अन्य कुनै कारणले सवारी साधन नचलेको भए बाटो खुलेको वा चलेको मितिले बाटोको म्याद बाहेक १५ दिनभित्र,
- अपहरण गरी लगेको वा शरिर बन्धक बनाएकोमा मुक्त भएको मितिले बाटोको म्याद बाहेक पन्ध्र दिनभित्र,
- भुकम्प वा ज्वालामुखि जस्ता विपद् परेकोमा परेको मितिले बाटोको म्याद बाहेक दश दिनभित्र,
- कुनै दुर्घटनाका कारण अचेत वा हिडडुल गर्न नसक्ने भई अस्पतालमा उपचाररत रहन परेको अवस्थामा भर्ना भएको मितिले बाटोको म्याद बाहेक पन्ध्र दिनभित्र फिराद गर्न सकिने।

७) **म्याद तामेल सम्बन्धि व्यवस्था**

- वादी आफैले वा कानून व्यावसायी मार्फत म्याद बुझाउन चाहेमा सो कुरा फिरादमा नै उल्लेख गरी फिराद दर्ता भएको मितिले बाटोको म्याद बाहेक ३ दिनभित्र म्याद बुझाउन पर्ने,
- प्रतिवादीको नाममा बाटाका म्याद बाहेक २१ दिनको अवधि तोकी म्याद जारी हुने,
- अदालतले प्रतिवादी कायम गरेको व्यक्तिलाई बाटाका म्याद बाहेक ७ दिनको अवधि तोकी म्याद जारी हुने,
- कुनै संगठित संस्थालाई म्याद तामेल गर्नु पर्दा त्यस्तो संस्थाको रजिष्टर्ड कार्यालय, प्रधान कार्यालय वा कारोबारको मुख्य कार्यालयमा त्यस बखत मुख्य भई काम गर्ने व्यक्तिलाई तामेल गर्नु पर्ने,
- अदालतले इमेल, फ्याक्स जस्ता विधुतीय सूचना मार्फत म्याद तामेल गर्न सक्ने,
- अदालतले अन्य कार्यविधि अपनाउदा पनि म्याद तामेल हुन नसकेमा तामेलदारबाट प्रतिवेदन लिई राष्ट्रिय स्तरका दैनिक पत्रिकामा प्रकाशन गरी म्याद तामेल गर्न सक्ने,
- अदालतमा नै म्याद बुझाउन खोजिएकोमा म्याद नबुझेको र सो व्यहोराको प्रतिवेदन तामेलदारबाट पेश भई व्यहोरा मनासिब भएमा म्याद नबुझेसम्म त्यस्तो व्यक्तिले अदालतमा वारिसको हैसियतमा प्रतिनिधित्व गर्न, तारिख लिन, कानून व्यावसाय गर्न वा साक्षीका रुपमा बकपत्र गर्न नपाउने गरी रोक लगाउने आदेश गर्नेछ,
- म्याद तामेल गर्न स्थानिय तहका सम्बन्धित वडा अध्यक्ष, सदस्य, सचिव वा कुनै सरकारी कर्मचारीले सहयोग गर्नु पर्नेछ र असहयोग गरेमा अदालतले जरिवाना गर्न सक्नेछ।

८. **प्रतिउत्तर सम्बन्धि व्यवस्था**

- प्रतिवादीलाई म्याद तामेल भएको मितिले २१ दिनभित्र प्रतिउत्तर पेश गर्नु पर्ने,
- प्रतिउत्तर पेश गर्दा प्रतिवादीले वादी विरुद्द कुनै दाबि लिन चाहेमा प्रतिदावी लिन सक्ने,
- प्रतिवादी नबनाइएको व्यक्तिले पनि अदालतमा बिचाराधिन कुनै मुद्दामा आफ्नो हक, हित, दावी वा सरोकारको कुनै विषयमा प्रतिवादी कायम हुन अदालतमा निवेदन दिन सक्ने,

९. **म्याद तारिख थाम्ने व्यवस्था**

- कसैले पनि अदालतबाट दिएको म्याद वा तारिख गुजार्न हुदैन,
- काबु बाहिरको परिस्थिति उत्पन्न भई म्याद वा तारिख गुज्रेकोमा म्यादको हकमा १५ दिनसम्म एकपटक र तारिखको हकमा बढीमा दुईपटक २१ दिनसम्म थमाउन सकिने,
- कोही मरी रित परम्परा अनुसार किरिया वा शोकावरण गरी बस्नु परेमा मृत्यु भएका मितिले बाटाका म्याद बाहेक २१ दिनभित्र थमाउन पाइने,
- हाजिर हुन पर्ने महिला सुत्केरी परी म्याद वा तारिख गुज्रेकोमा निज सुत्केरी भएको मितिले बाटोको म्याद बाहेक ३५ दिनभित्र थमाउन सकिने,
- हाजिर हुनपर्ने व्यक्तिलाई कसैले अपहरण गरी लगेको, वा शरिर बन्धक बनाएको कारण म्याद वा तारिख गुज्रेमा अपहरण वा शरिर बन्धकबाट मुक्त भएको मितिले बाटाका म्याद बाहेक १० दिनभित्र थमाउन सकिने,
- भुकम्प, ज्वालामुखी जस्ता विपद् परेका कारण म्याद वा तारिख गुज्रेमा विपद् भएका मितिले १० दिनभित्र र कुनै दुर्घटनाका कारण अचेत भई वा अचानक कुनै गम्भीर रोगका कारण हिडडुल गर्न नसक्ने भई उपचार गर्नु परेमा त्यस्तो कारण परेको मितिले बाटोको म्याद बाहेक १५ दिनभित्र थमाउन सकिनेछ।
- हाजिर हुनपर्ने व्यक्ति बाटो बन्द भई वा कर्फुको घोषणा भई वा यातायातको साधन नचलेको वा दैवी प्रकोप परी तारेख गुज्रेमा बाटो खुलेको वा यातायातको साधन चलेको वा दैवी प्रकोप परेको मितिले बाटाका म्याद बाहेक ७ दिनभित्र (सम्बन्धित गा.पा./ न. पा वा सरकारी अड्डाबाट जारी भएको निस्सा लिई आउनु पर्नेछ)।

१०. **जेथा जमानतको निवेदनसाथ पेश गर्नुपर्ने प्रमाणित कागजातहरु**

- घरजग्गाको जग्गाधनी प्रमाणपूर्जा,
- जग्गाको हकमा भए पछिल्लो वर्षको मालपोत तथा घरको हकमा कर तिरेको रसीद,
- घरजग्गाको नक्साको प्रतिलिपी,
- अरु कसैले जमानत दिने भए अदालतबाट तोकिएको शर्तमा जमानत दिनेको मञ्जुरीनामा,
- घरको नक्सा पास प्रमाणपत्र, गा. वि. स. को हकमा नक्सापास भए सो र नभए स्वीकृती वा सिफारिस पत्र,
- नक्सापास नहुने ठाउँको भए चार किल्ला, मूल्य, घरको प्रकृती समेत खुलाइएको सिफारिस पत्र,
- निवेदक वा मञ्जुरीकर्ताको नेपाली नागरिकताको प्रमाणपत्र।

११. **बैंक ग्यारेण्टी सम्बन्धि व्यवस्था**

- नेपाल राष्ट्र बैंकबाट "क वा ख" वर्गको इजाजत प्राप्त बैंक वा वित्तिय संस्थाले जारी गरेको स्थायी प्रकृतीको ग्यारेण्टी मात्र स्वीकार गरिने,
- बैंकले ग्यारेण्टी फुकुवा गर्नु पूर्व अदालतसंग सहमती लिनु पर्ने,
- पक्षले बैंकसंग गरेको सम्झौताको प्रतिलिपी पेश गर्न पर्नेछ।

१२. **धरौटी र जेथा तथा बैंक ग्यारेण्टी फिर्ता लिंदा पेश गर्नुपर्ने कागजातहरु**

- अन्तिम फैसलाको प्रमाणित प्रतिलिपी,
- सम्बन्धित पक्षको परिचय खुल्ने कागजात,
- धरौटी राखेको रसिद,
- मुद्दाको अन्तिम टुङगो लागी फैसलाको जानकारी पाएको एक वर्षभित्र धरौटी फिर्ताका लागी निवेदन दिन पर्नेछ।

१३. **पुनरावेदन**

- यस अदालतले गरेको फैसलामा चित्त नबुझ्ने पक्षले फैसला वा अन्तिम आदेश भएका मितिले ३० दिनभित्र उच्च अदालत, तुलसिपुरमा पुनरावेदन गर्न सक्ने,
- मुद्दाको पक्ष वा निजको वारिसले फैसला सुनिपाएको कागज गरेकोमा सो मितिले र पक्ष हाजिर नभई सूचना जारी भएकोमा सूचना तामेल भएको मितिले ३० दिनभित्र पुनरावेदन गर्ने म्याद कायम हुने,
- फैसला सुनी पाएको कागज नगरेको वा सूचना तामेल नभएको अवस्थामा मुद्दाको फैसला